# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७७/७८
चलानी नं :- १६२९

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

मिति : २०७७/०९/०८

विषय : **अधिकार प्रत्यायोजन सम्बन्धमा ।**

श्री अनिल प्रसाद जोशी
अधिकृत सातौं
टोखा नगरपालिका ।

उपरोक्त सम्बन्धमा तपाईलाई मिति २०७७/०८/२९ देखी लागु हुने गरी तपशिल बमोजिमका अधिकारहरु प्रत्यायोजन गरिएको व्यहोरा अनुरोध छ । प्रत्यायोजित अधिकार अनुसारको कार्य जिम्मेवारी प्रचलित कानुन बमोजिम पूरा गर्नु हुन अनुरोध छ ।

१. घ वर्गको निर्माण ईजाजत पत्र जारी तथा नविकरण गर्ने ।
२. जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना सम्बन्धी विवरण संशोधन सम्बन्धी सामान्य प्रस्ताव स्विकृत/सदर गर्ने । व्यहोराको गाम्भिर्यता हेरी असामान्य प्रकृतिको प्रस्ताव उपर निर्णयको लागी प्र.प्र.अ. समक्ष पेश गर्ने ।
३. कार्यालयमा आएका पत्रहरुको तोक आदेश गरी पत्रको गाम्भिर्यता हेरी नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र नियमानुसार पत्र लेखी सम्बन्धीत कार्यालयमा पठाईदिने ।
४. अधिकृत स्तर छैटौ सम्मको कर्मचारीको सात दिन सम्मको घर विदा स्विकृत गर्ने ।
५. मौज्दातमा रहेका कार्यालय सम्बन्धी जिन्सि सामानहरुको माग फारम स्विकृत गर्ने ।
६. वडा वाट जारी भएका कागजपत्रहरु परराष्ट मन्त्रालय तथा अन्य प्रयोजनको लागी प्रमाणित गर्ने ।
७. कार्यालय प्रमुख वाट स्विकृत भएका वोलपत्र सम्बन्धी कागजातहरु प्रमाणित गरी नियमानुसार विक्रि वितरण गर्ने व्यवस्था मिलाउने ।
८. रु. १ लाख सम्मका सम्पूर्ण खरिद कार्यको माग फारम स्विकृत गर्ने, दर रेट माग गर्ने, खरिद आदेश तथा दाखिला प्रतिवेदन स्विकृत गर्ने ।
९. मोटरसाईकलको हकमा १० लिटर सम्म ईन्धनको माग फारम स्विकृत गर्ने । चार पाङ्ग्रे सवारीको हकमा ५० लिटर सम्म ईन्धनको माग फारम स्विकृत गर्ने ।

०७७/९/२

प्रकाश आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**अवगतार्थ :**

श्रीमान् नगर प्रमुख ज्यू / श्रीमान् नगर उप प्रमुख ज्यू,

**बोधार्थ :**

श्री आ.प्र. शाखा, श्री योजना शाखा, श्री प्राविधिक शाखा, श्री जिन्सी शाखा, टोखा न.पा.

श्री वडा कार्यालयहरु (सबै)

सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : info@tokh